लेटाङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लेटाङ, मोरङ

कोशी प्रदेश नेपाल

संख्याः ०८२/०८३

च.नं.

मितिः २०८२।०५।३१

बिषयः- आवेदन दिने म्याद थप गरिएको सम्वन्धी सूचना।

प्रस्तुत विषयमा लेटाङ नगरपालिकाले मिति २०८२/०५/१० गते प्रकाशित ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता (ग्रा.प.स्वा.का.) तालिमका लागि प्रकाशित सूचना बमोजिम आवेदन दिने अन्तिम म्याद मिति २०८२/०५/३१ गतेसम्म रहेकोमा यथेष्ट आवेदन नपरेको तथा विविध कारण आवेदन दिने अन्तिम म्याद थप गर्ने निर्णय बमोजिम मिति २०८२/०६/०७ गतेसम्म कायम गरिएको ब्यहोरा सरोकारवाला सम्पुर्णमा जानकारीका लागि अनुरोध छ ।

चेतनाथ गौतम
अधिकृतस्तर आठौं

CamScanner

# लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### लेटाङ, मोरङ

कोशी प्रदेश नेपाल

संख्याः ०८२/०८३
च.नं.296

मितिः २०८२।०५।१०

विषयः ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता (ग्रा.प.स्वा.का) तालिमका लागि आवेदन माग सम्वन्धी सूचना।

यस लेटाङ नगरपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा लेटाङ नगर कार्यपालिकाको मिति २०८२/०५/०३ गतेको निर्णयानुसार ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता (ग्रा.प.स्वा.का) सम्वन्धी ३० कार्यदिने तालिम पशु सेवा तालिम केन्द्र, दुहवीमा संचालन हुने भएको हुँदा वडा नं. १,७ र ८ को पहाडी भेगमा बसोबास गर्ने तपसिल वमोजिमको न्युनतम योग्यता पुगेका पशुपालक कृषकहरुले मिति २०८२/०५/३१ गते कार्यालय समय भित्र लेटाङ नगरपालिका पशुसेवा शाखामा आवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिलः</u>

१. १८ देखि ४० वर्षको उमेर समूह भित्रको हुनु पर्ने।
२. लक्षित भूभाग (वडा नं. १,७ र ८ को पहाडी भुभाग ) भित्र स्थायी वसोवास गरेको हुनु पर्ने।
३. कम्तिमा कक्षा १० वा सो सरहको परीक्षा उतीर्ण गरेको हुनु पर्ने।
४. पशुपालन व्यवसायमा सक्रिय रहेको हुनु पर्ने ।
५. वडा नं १ वाट ४ जना, वडा नं ७ वाट ४ जना र वडा नं ८ वाट २ जना गरी जम्मा १० जनालाई तालिमका लागि छनौट गरी तालिम प्रदान गरिनेछ ।

<u>आवश्यक कागजातहरुः</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. वडा कार्यालयको सिफारिस
४. तालिम पश्चात सम्वन्धित भुभागमा रही सेवा गर्ने प्रतिवध्दता पत्र

२०८२।५।१०
विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner